**Tribhuvan University Journal**
**Vol. 33, No. 2: 171-186, December, 2019**
**Centre for Research, Tribhuvan University,**
**Kathmandu, Nepal**
**DOI:** https://doi.org/10.3126/tuj.v33i2.33644

# नेपाली कवितामा नारीचेतना

***नारायणप्रसाद गड्तौला****

**सहप्राध्यापक, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर, त्रिवि*

## लेखसार

नेपाली कवितामा नारीविषयक चेतना प्राथमिक कालदेखि नै अभिव्यक्त भएको देखिन्छ । नारीलाई पत्नी, बुहारी र छोरीको सीमित घेरामा राखेर नैतिक निष्ठावान् बन्नुपर्ने सङ्कीर्ण चेतनादेखि समाज, राष्ट्र र विश्व समुदायमा उभिन सक्ने एक सभ्य र स्वतन्त्र नागरिकका रूपमा उभ्याउने चेतनालाई नेपाली कवितामा मुखरित भएको पाइन्छ । प्राथमिक र माध्यमिक कालसम्म आइपुग्दा नेपाली कवितामा नारीसम्बन्धी अभिव्यक्ति परम्परागत साँघुरो सोचका परिधिमा रहेको देखिन्छ भने आधुनिक कालपछि क्रमशः नारी चेतना फराकिँदै २०४६ र अझ गणतन्त्र स्थापनापछि नारीको उन्मुक्ति, स्वतन्त्रता एवं सर्वपक्षीय विकासका स्वरहरू नेपाली कवितामा व्यक्त हुन थालेका देखिन्छन् । पितृसत्ताले सिर्जना गरेका नारीका उत्पीडनका विरुद्धमा समकालीन स्रष्टाहरूले प्रतिरोध एवं विद्रोह गर्दै नारीसम्बन्धी नवीन चेतनालाई आफ्ना कवितामा मुखरित गरेको पाइन्छ ।

**मूल शब्दावली :** नारीचेतना - नारीवाद - प्रतिरोध - उन्मुक्ति - पितृसत्ता ।

## विषयपरिचय

समाजको विकास सँगसँगै सामाजिक उत्पादनको स्वरूप र विषय पनि विकसित हुँदै जाने हुँदा साहित्यको स्वरूप र विषय पनि निरन्तर विकसनशील देखिन्छ । नेपाली कविताको प्रारम्भिक कालदेखि आजसम्मको यात्रामा नेपाली कविताको बान्की र विषयका विविध रूप पाइन्छन् । इतिहासमा प्रमुखता पाएका स्वरूप र विषय वर्तमान समयमा गौण र प्रच्छन्न हुँदै छन् भने इतिहासमा दमित विषय वर्तमानमा आएर मुखरित र शिखरित हुँदै जाने क्रममा देखिन्छन् । यसै क्रममा साहित्यका विषयहरूमा नारीचेतना आजको जल्दोबल्दो विषय बनेको छ । परम्परागत रूपमा नारीको स्थान र चित्रण, नारी र पुरुषको सम्बन्ध, यिनका बिचमा देखिने भिन्नता, पुरुषसरहकै समानताको खोजी, नारीप्रति गरिने व्यवहार, नारीका आर्थिक र सांस्कृतिक सहसम्बन्ध आदिको साहित्यिक अभिव्यक्तिलाई साहित्यमा नारीचेतनाका रूपमा लिने गरिन्छ । इतिहासको सर्पाकार गतिमा नारी र पुरुषको

अवस्थितिलाई हेर्दा नारीचेतनाका रङ्गीन रूपहरूलाई साहित्यमा मुखरित भएको देख्न सकिन्छ । यहाँ नारीचेतना, नारीवादी सिद्धान्त, यसका अनेक पक्षहरू र साहित्यमा प्रकट नारीका विभिन्न पक्षको विमर्श गर्दै नेपाली कवितामा अभिव्यक्त नारी चेतनालाई विश्लेषण गर्ने काम गरिएको छ । यसका निम्ति प्राथमिक कालदेखिकै नारीचेतनामूलक कविता छनोट गरी तिनलाई साक्ष्यका रूपमा प्रस्तुत गरिएको छ ।

## नारीचेतनाको स्वरूप र सिद्धान्त

नारी शब्दको मूलमा 'नृ' रूप पाइन्छ र यसको अर्थ मनुष्य भन्ने हुन्छ । नारी र पुरुष दुवैलाई बुझाउने यसै 'नृ' शब्दबाट कालान्तरमा नर र नारी दुई भिन्न शब्द बनेर व्यवहारमा प्रयोग हुँदै आएका छन् । मनुष्यत्वमात्रलाई सङ्केत गर्ने 'नृ' शब्दले समाज विकासको आवश्यकतासँगै पुंस्त्व र स्त्रीत्व विवक्षामा नर र नारी शब्दमा आफूलाई विभक्त गरेको देखिन्छ । यी दुवै शब्द संरचना र व्यवहारले सापेक्षित छन् । सुरुमा पुंस्त्व र स्त्रीत्वको सीमित विवक्षामात्र हुँदो हो तर सामाजिक विकासका विविधताले विवक्षाको क्षेत्रविस्तार गर्दै इतिहासको लामो प्रवाहमा निकै धेरै घम्साघम्सीहरू विवक्षित हुन पुगेको कुरा मार्कण्डेय पुराणअन्तर्गत सप्तशतीका प्रसङ्गहरूबाट पनि बुझ्न सकिन्छ । नारी शक्ति नै पुरुषमा उत्रिएको माहिष प्रवृत्ति (महिषासुर) का विरुद्ध काली, चण्डी आदि रूप लिएको प्रसङ्ग सामाजिक इतिहासकै एउटा रूप हो । महिषासुरमाथि दमन गर्न सिंहवाहिनी हुनु पर्ने नारी शक्तिलाई पूर्वीय परम्पराले परोक्ष रूपमा सुरक्षित नै राखेको छ (सप्तशती, ३/४०-४३) ।

नर र नारी शब्दमा लिङ्गगत संरचनाबाहेक अन्य कुनै विभेद देखा परेको छैन तर समाजशास्त्रीय र सांस्कृतिक तहसम्म आइपुग्दा यसको प्रयोगमा अनेक विविधता देखा परेको छ । यही सामाजिक र सांस्कृतिक तहमा देखिने नारीसम्बन्धी दृष्टि नै नारी चेतनाको आधार हो । बीसौं शताब्दीको आधाआधीमा नागरिक अधिकार खोजीकै क्रममा अमेरिकामा नारी चेतनाले नारीवादको रूप लिन पुगेको हो । राजनीति र सामाजिक क्षेत्रमा देखिएको नारीवादी चिन्तन साहित्यका क्षेत्रमा १९७० को दशकदेखि सशक्त भएर देखिएको हो । नारीसम्बन्धी चेतना नै नारीचेतना हो । नेपाली समाजको प्राक्कालीन पौराणिक सन्दर्भबाट हेर्ने हो भने नारी र पुरुष अभिभाज्य भएको कुरा अर्धनारीश्वरको परिकल्पनाबाट बुझ्न सकिन्छ । नारी र पुरुष स्वयं समाजविकासका आधाआधा अङ्गमात्र हुन् तर पितृसत्तात्मक समाजको संरचनामा नारीलाई पुरुषको अधीगङ्ग र गृहदासीका रूपमा उभ्याएको तथ्य इतिहासका साक्ष्यबाट बुझ्न सकिन्छ । त्यसैले विश्वमा प्रजातन्त्रको लहरसँगै र आधुनिक शिक्षादीक्षासँगै नारीचेतनाको पनि विकास भएको देखिन्छ । यहाँ नारीचेतनाको सैद्धान्तिक आधारका रूपमा देखिएको नारीवादको परिचय दिई नेपाली कवितामा व्यक्त नारीचेतनाको स्वरूपलाई विश्लेषण गरिएको छ ।

नारीका विषयमा इ. उन्नाइस सय सत्तरीको दशकबाट गम्भीर ढङ्गले आवाज उठे पनि इ. १९२९ मा भर्जिनिया वुल्फको "अ रुम अफ वन्स ओन" भन्ने लेख नै नारीवादको

सुरुआती आधार मानिन्छ । यसपछि १९३८ मा “थ्री गाइनिज” लेख लेखेर वुल्फले नारी पितृसत्ताको नीतिबाट एक्लिएको धारणा व्यक्त गरेकी छन् (हविव, इ. २००८, पृ. ६७१) । उल्फले उठाएका नारीसम्बन्धी विषयहरूमा लेखनमा नारीका सामाजिक तथा आर्थिक सन्दर्भ, भाषाको लैङ्गिक संरचना, साहित्यको इतिहासमा फर्किएर नारी साहित्यपरम्पराको स्थापन, लिङ्गको सामाजिक संरचना आदि छन् (हविव, ई. २००८, पृ. ६७१) । यसरी वुल्फले लेखनमा नारीको उपस्थितिमात्र खोजिनन् इतिहास पल्टाउँदै नारी लेखनको स्थापना गर्नु पर्ने धारणासमेत राखिन् । एन्डिन रिचका अनुसार नारीवादले साहित्यबाट बहिष्कृत भएका नारीहरूलाई साहित्यिक धारमा ल्याएको छ (एल् गुरिन र अन्य, इ. १९९९, पृ. १९६) । यस्तै विचारलाई लाइचले पनि समर्थन गरेका छन् (लाइच, इ. १९८४, पृ. ३११) ।

नारीका सम्बन्धमा गम्भीर आवाज उठाउने साइमन डि व्युभाले ‘द सेकेन्ड सेक्स’ (इ. १९४९) लेखेर नारीलाई इतिहासदेखि नै कसरी उपेक्षा गरिएको छ भनेकी छिन् । आफ्नो पुस्तकको सुरुमै उनले नारी जैविक रूपमा नै सुस्त, चञ्चल, बेवकुफ, कठोर वासनात्मक जस्ता हुन्छन् भन्ने परम्परागत आरोप भएको कुरा व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरेकी छिन् (व्युभा, इ. २००८, पृ. ३१) । क्याथरिन आर स्टिम्सनका अनुसार पनि नारीहरू बौद्धिक रूपमा सबल छन् तर संस्थागत रूपमा दुर्बल बनाइएका छन् (स्टिम्सन, इ. १९९२, पृ. २५०) । धार्मिक इतिहास र मिथकको सन्दर्भबाट उनले नारीको दोस्रो दर्जा हुनमा धार्मिक इतिहासलाई पनि दोष दिएकी छिन् । नारीवादले यही पूर्वस्थापित धारणामा प्रश्न उठाएको छ (वा, इ. २००६, पृ. ३२५) ।

साहित्यमा नारीवादी लेखनलाई व्यवस्थित गरी समालोचना गर्ने परिपाटी अमेरिकाबाट प्रारम्भ भयो र यस क्षेत्रका हस्ताक्षरहरूमा क्याटेमिलेट, सान्द्रा गिल्वर्ट, सुसान गुब्वर, एलाइन सोवाल्टर, गायत्री चक्रवर्ती स्पिभाक आदि अनेक छन् (लाइच, इ. १९८८, पृ. ३०७) । नारीसम्बन्धी विभिन्न मान्यताले अनेक किसिमका नारीवादलाई जन्म दिएको छ । समिरा लुइटेलका अनुसार उदार नारीवाद, समाजवादी नारीवाद, मार्क्सवादी नारीवाद, मनोविश्लेषणात्मक नारीवाद, विद्रोही नारीवाद जस्ता नारीवादी अनेक धाराको विकास भएको छ (लुइटेल, इ. २००८, पृ. १०५) । नारीसम्बन्धी यस्ता चेतनाको सचेत विकास हुनुपूर्व निश्चय नै नारीसम्बन्धी सङ्कीर्ण चिन्तन पनि पाइन्छ । नारीवादी समालोचकले प्रायः यौन राजनीति र सांस्कृतिक परिवेशलाई हेरेका छन् (हेड्रिक र किङग, इ. २००७, पृ. ६१) । ब्यारिले नारीका अनुभव, नारी र पुरुषको शक्ति सम्बन्ध, नारीसम्बन्धी भाषाजस्ता विषय नारीवादले उठाएको बताएका छन् (ब्यारी, इ. २००२, पृ. १३४) । ह्युग क्रिस्टिनाले नारीवादी चिन्तन प्रस्तुत गर्ने क्रममा नारी र पुरुषबिच समानता, नारीलाई श्रम र राजनीतिक समानताको चर्चा गरेकी छिन् (इ. २००२, पृ. ३३-३४) । यस्तै थम्पसनले नारीको जैविक भन्दा सामाजिक रूपले विभेद सिर्जना गरेको बताएका छन् (इ. २००१, पृ. ६) ।

पार्था चटर्जीका अनुसार पितृसत्तात्मक समाजले स्त्रीलाई सांस्कृतिक परम्पराको संरक्षकका रूपमा र पुरुषलाई आधुनिकताको सक्रिय कर्ताका रूपमा लिने गर्दछ साथै नारीलाई घरभित्रको आन्तरिक स्थानसँग र पुरुषलाई घरबाहिरको संसारसँग जोडेर हेर्दछ (उप्रेती, २०६९, पृ. २३६) । यस किसिमको चिन्तन नेपाली समाजको पनि हो ।

माथिका समग्र धारणा नारीवादले स्थापना गरेका साहित्यमा नारी चेतनाका विभिन्न रूपहरू हुन् । युरोप र अमेरिकाका नारी आन्दोलन र साहित्यिक नारीवादले नेपाली साहित्यमा पनि उत्तिकै प्रभाव पारेको छ । हिजोको परम्परागत नारी चेतनाका सापेक्षमा आजको नारी चेतना भिन्न देखिन्छ । नेपाली साहित्यमा पनि हिजो र आज देखिने नारी चेतनाको अभिव्यक्तिमा स्पष्ट भिन्नताहरू देखिन्छन् । यहाँ समकालीन नेपाली कवितामा व्यक्त भएको नारी चेतनाको स्वरूप विश्लेषणका निम्ति नारीसम्बन्धी सङ्कीर्ण, उदार एवं विद्रोही चेतनलाई नै विश्लेषणको आधार मानिएको छ । साथै नेपाली कवितामा अभिव्यक्त नारी चेतनाको स्वरूप पहिचानका निम्ति प्राथमिक र आधुनिक कालका नारी विषयक कविताहरू छनोट गरिएको छ । प्राथमिक कालका कविताहरूमा भानुभक्तको 'बधू शिक्षा', आधुनिक कालका कविताहरूमा लक्ष्मीप्रसाद देवकोटाको 'मुनामदन', गोपालप्रसाद रिमालको 'नारी', पारिजातको 'मानुषी', सुधा त्रिपाठीको 'मेरो वायोडाटा', नीलम कार्की 'निहारिका' को 'बन्दी पानी', मोमिलाको 'आकाशलाई धर्तीको सम्बोधन' र 'तिमी र म', सीमा आभासको 'म स्त्री अर्थात् आइमाई', सरस्वती प्रतीक्षाको 'तथागत मलाई उत्खनन् गर' सरिता तिवारीका 'हे देवी' र 'फूलको कारोबार', लाई लिइएको छ । नारी चेतनाका दृष्टिले आधुनिक काल र त्यसमा पनि २०४६ पछिका कविताहरू सशक्त भएकाले तदनुरूप नै पश्चवर्ती कवितालाई सोद्देश्यमूलक ढङ्गले छनोट गरिएको छ ।

## नेपाली कवितामा नारी चेतनाको अभिव्यक्ति

नेपाली कविताको प्राथमिक काल (१८००-१९३९) मा नै नारीलाई विषय बनाएर नारीसम्बन्धी विशेष दृष्टिकोणका साथ कविता रचिएका छन् र आजसम्म निरन्तर नारी विषयक कविता रचिँदै आएका छन् । प्राथमिक कालदेखि अहिलेसम्मका कविता वा काव्य अनुशीलन गर्दा नारीलाई हेर्ने कविचेत विभिन्न किसिमको देखिन्छ । यस किसिमको चेतना तत्कालीन समाजकै चिन्तनको प्रतिबिम्बन हो । कविले निर्माण गरेको दृष्टिकोण तद्युगीन समाजकै दृष्टि भएकाले समग्र नारीचेतना समाज विकासकै प्रतिफल भएको देखिन्छ । यहाँ नेपाली कविता वा काव्यमा व्यक्त नारीचेतनालाई केही शीर्षकमा समाहार गरेर प्रस्तुत गरिएको छ ।

## सङ्कीर्ण नारी चेतना

प्राथमिककालीन नेपाली कवितामा नारीलाई हेर्ने दृष्टिकोण ज्यादै सङ्कीर्ण देखिन्छ र माध्यमिक कालसम्म आइपुग्दा पनि यसमा त्यति भिन्नता देखिँदैन । प्राथमिक कालमा नारीलाई गृहिणीका रूपमा सीमित गरेको देखिन्छ भने माध्यमिक कालमा नारीलाई भोग्याका रूपमा चित्रण गरेको पाइन्छ । अतः यी दुवै नारीचेतनाका सङ्कीर्ण रूप हुन् ।

प्राथमिक कालमा लेखिएका हीनव्याकर्णी विद्यापतिको 'सात नायिका' र भानुभक्तको 'वधूशिक्षा' नारीवषयक कविता हुन् । पहिलो कविता पूर्वीय काव्य मान्यताले बताएअनुसार नायिकाका अभिसारिका, वासकशय्या, विप्रलब्धा, स्वाधीनभर्तृका, खण्डिता, उत्कण्ठिता र मृगावक्षीका लक्षणमा आधारित छ । यसमा नारीको विषयमा कविका विचार व्यक्त नभए पनि माथि उल्लेख गरिएका नायिकाका लक्षणहरू प्रायः सबै नायकका सापेक्षमा देखिन्छन् ।

भानुभक्त आचार्यद्वारा लिखित 'वधूशिक्षा' निकै चर्चित र विवादित कविता हो । तारापतिका जहान, बुहारी र छोरीहरूका विषयमा लेखिएको यस कवितामा भानुभक्तीय नारी चेत मुखरित भएको छ । भानुभक्त नारीलाई पत्नी, बुहारी र छोरीका कोणबाट हेर्दै यी सबैको केन्द्रस्थल बुहारी भएको ठान्दछन् । सासू, ससुरा र श्रीमान्लाई खुसी पार्ने एउटी वधूमा नारीको समग्र जीवनलाई सीमित गर्दै पति र सासूससुराको सेवामा जीवनलाई सार्थक बनाउने नैतिक उपदेश वधूशिक्षामा पाइन्छ । जस्तो :

प्रातः काल महाँ उठेर पहिले ध्यान् ईश्वरैको गरून्
सो ईश्वर पति हुन् भनेर पछि त्यो भक्ती पतीमा धरून्
भक्तीले पति ईश्वरै भनि बुझून् पाऊ तलैमा परून्
पूजा हो पतिको भनेर घरका काम्मा अगाडी सरून्
(वधूशिक्षा, उपदेश, पृ. १)

परिवार अथवा घर नै महत्त्वपूर्ण केन्द्र भएको तत्कालीन परिवारप्रथामा नारीको यस प्रकारको जिम्मेवारीले भानुभक्तमा यस किसिमको चेतना जागृत भएको देखिन्छ । परिवारभन्दा माथि उठ्न नसकेको सामाजिक चेतनालाई नैतिक परिधिमा बाँध्ने यसभन्दा गतिलो उपाय भानुभक्तले पनि देखेनन् । सामाजिक मर्यादा र इज्जतको केन्द्र बुहारीलाई ठानेर नारीका उठ्बस, हाँसखेल, हाउभाउ, कार्यकुशलता, जोसजाँगर, पारस्परिक सम्बन्ध जस्ता सीमित कुरामा नै एउटा परिवारको कुलमर्यादा, इज्जत र पारिवारिक उत्थान आश्रित भएको त्यस समाजको नारीचेतनालाई भानुभक्तले चुस्तदुरुस्त उतारेका छन् । जस्तै :

सौताको रिस गर्नु पाप छ बहुत् एकै दुवैका पति
मर्यादामा पनि जानुपर्छ जसले मीलेर सङ्गै सती
यस्तो जानि नमानि केहि मनमा मिलून् बहुतै गरी
टाल्टुल् गर्नु फुट्यो टुट्यो घर भन्या सिप्लाई जाहेर् गरी
(वधूशिक्षा, पृ. १३)

भानुभक्तले नारीलाई पतिको केन्द्रीयतामा र गृह स्वामिनी दुवै रूपमा हेरेका छन् । घरलाई टुटफुट हुन नदिने र टुटेफुटेको घरलाई जोड्ने नारीको भूमिकालाई पनि उनले सकारेका छन् । यी दुवै कुरा तत्कालीन आधुनिक शिक्षादीक्षाको अभावले अँध्यारो बनेको तर सनातन मूल्यचेतले नैतिकताको भारी बोकिरहन चाहने समाजको मान्यता हो । कविले

साँझमा बत्ती बाल्नु, पूजा सामान जोरजाम गर्नु, भान्सा तयार गर्नु, भँडार समाल्नु आदि जिम्मा पनि नारीलाई लगाउनु जस्ता कुरा एकातिर सभ्यता र संस्कृतिसँग सम्बन्धित नैतिक विषय हुन् भने अर्कातिर ती नारीको काँधमा जिम्मेबारी दिने प्रवृत्ति तत्कालीन समाजको हो । एकातिर सभ्यता र संस्कृतिलाई नारीसँग जोड्नु गर्वको विषय देखिन्छ भने अर्कातिर नारीलाई तिनमा बाध्यकारी गराउनु पुरुष अहङ्कार पनि देखिन्छ । जे भए पनि 'वधूशिक्षा' ले नारीलाई विषय बनाएर तत्कालीन नारीचेतनाको उद्घाटन गरेको छ । यसले एक किसिमको क्षयोन्मुख नैतिकतालाई प्रश्रय दिँदै नारीसम्बन्धी सङ्कीर्ण चेतनालाई पुरस्कृत गरेको छ ।

## उदार नारीचेतना

आधुनिक नेपाली कविता (१९७५ देखि यता) मा नारीलाई हेर्ने उदारवादी चेतना विकास भएको देखिन्छ । लेखनाथ, देवकोटा, रिमाल, तिवारी, मल्ल जस्ता आधुनिक चेत भएका कविहरूले विगतको सामाजिक परम्परामा नै टेकेर नारीलाई उच्च सामाजिक एवं सांस्कृतिक परिवेशमा चित्रण गरेका छन् । यिनले परिवर्तित सामाजिक परिवेशमा नारीका स्वतन्त्रता, सांस्कृतिक भूमिका, वैयक्तिक चाहना आदिको सम्मान गर्दै नारीलाई सम्मानपूर्वक स्थान दिएका छन् ।

लक्ष्मीप्रसाद देवकोटाका काव्यमा नारीलाई धेरै हदसम्म परम्परागत बन्धनबाट मुक्त गर्दै नारी र पुरुषको पारस्परिक प्रेममय जीवनमा जोड दिएको पाइन्छ । 'मुनामदनमा' मुना पत्नी र बुहारीको भूमिकामा र आमै सासूको भूमिकामा देखिए पनि यी दुवै पात्र परस्पर दबावमा देखिँदैनन् । उनका नारीपात्रहरू मुना, कुञ्जिनी र सुलोचना उच्च नैतिक चेतले युक्त छन् । तत्कालीन समाजको आर्थिक, सामाजिक एवं जातीय संरचनाका कारणले यी तिनबाट पात्र दुःखान्त्यका कारक बने पनि यिनको बनोट नैसर्गिक उदात्तता, नैतिक उच्चता र प्रेमले भरिएको छ । मुनाको मुखबाट स्व जागृत उच्च नैतिकताको अभिव्यक्ति यसरी प्रकट भएको छ :

स्त्रीजातिलाई सृष्टिको भार भविष्य जगत्को
आनन्द दिने सुगन्ध दिने पवित्र रगत्को
सौन्दर्य हाम्रो जूनको जस्तो किरण पवित्र
जूनमा हुन्छ कलङ्क, हुन्न सतीको मनभित्र
(मुनामदन, पृ. १५)

मुना आफ्नो सौन्दर्य, दायित्व र नैतिकताको उच्च चेतले भरिएकी पात्रका रूपमा देखिन्छे । यी कुराहरू परम्परागत भए पनि पात्रका आत्मबोधसँग गाँसिएका छन् । यसले चयनगत स्वतन्त्रतालाई केही फराकिलो बनाएको छ ।

कुञ्जिनी ठालुसिंहकी छोरी भए पनि आफूले मन पराएको निम्नवर्गीय पात्र गोरेलाई चयन गर्ने हिम्मत गर्छे भने सुलोचना अनङ्गसँग प्रेम गर्ने साहस जुटाउँछे । यी

पात्रहरू जीवनबोधका दृष्टिले उच्च किसिमका छन् । देवकोटाले नारी मनोबललाई उठाउन खोजे पनि यी आर्थिक दृष्टिले स्वतन्त्र र सामाजिक कुरीतिका विरुद्ध लड्न सक्ने साहस भएका पात्र हैनन् । यस प्रकारको मनोबल प्राप्त नारीपात्रको निर्माण गर्ने साहस देवकोटाका निम्ति पनि दुष्कर देखिन्छ ।

गोपालप्रसाद रिमालले 'नारी' शीर्षकको कविता लेखेर नारीप्रतिका आफ्ना दृष्टिकोण प्रस्तुत गरेका छन् । यसमा उनले नारीलाई सौन्दर्य मूर्ति, दीपशिखा, विधिको आश्चर्यलाग्दो विधान, सपनाजस्तै मीठो जस्ता बिम्बात्मक अभिव्यक्तिद्वारा बुझाएका छन् साथै निर्माणको हुरी र सृजनकर्ताका रूपमा पनि चित्रण गरेका छन् । जस्तै :

नारी जस्तो यहाँ सुन्दर निर्माणजस्तै सपना
र सपनाजस्तै बुरबुरे भएकी छे, उस्तै ऊ विनाश
जस्तै खँदिली पनि छे
ऊ झाँक्रो फिँजाएर युद्धमा आँधी भएर आउँदा
संसारलाई मसान तुल्याउँदै हुर्रिएकी पनि छे
(नारी, आमाको सपना, पृ. ४३)

कवि रिमालले नारीलाई सृष्टिको सुन्दर रचनामात्रै मानेनन् समाजका विकृतिहरूलाई नाश गरेर मसान बनाउने शक्तिका रूपमा पनि चित्रण गरेका छन् । रिमालले 'मसान' नाटक र 'यो प्रेम' नाटकमा नारीलाई विद्रोही पङ्क्तिमा उभ्याएका छन् र कवितामा पनि नारीचेतको अभिव्यक्ति स्वकीय चिन्तनसाथ प्रस्तुत गरेका छन् ।

## विद्रोही नारीचेतना

नेपाली जनआन्दोलन २०४६ को सेरोफेरोमा नेपाली कविहरूमा विद्रोही चेतना प्रकट हुन थालेको देखिन्छ । परम्परागत मूल्यमान्यताका विरुद्ध नारीका सीमित सामाजिक भूमिकामा फराकिलो क्षितिज खोज्दै विद्रोही कविहरूले नारीसम्बन्धी नवीन दृष्टिकोण प्रस्तुत गरेको देखिन्छ । यस किसिमका कविहरूमा पारिजात, कुन्ता, शर्मा, सुधा त्रिपाठी, नीलम कार्की निहारिका, मोमिला, सीमा आभास, सरस्वती प्रतीक्षा, सरिता तिवारी आदि छन् । यिनले नेपाली समाजमा वा पुरुषसत्तात्मक समाजमा नारीहरू अपहेलित भएका, बेचिएका, मूल्यहीन बनेका, सीमित भूमिकामा ठिङ्गुर्‍याइएका, घरवारविहीन बनाइएका जस्ता पक्षबाट विमर्श गर्दै तिनका विरुद्ध प्रतिरोध एवं हुङ्कार गरेका छन् ।

पारिजातले 'मानुषी' कविता लेखेर नेपाली समाजमा नारीको अवस्थाप्रति प्रश्न चिह्न उठाएकी छिन् । नारीको श्रमसम्बन्धी मूल्यको खोजी गरेर उनले पुरुषले जत्तिकै पाखुरी बजारे पनि नारीश्रमको मूल्य पुरुष बराबर हुन नसकेको कुरा उठाएकी छिन् । जस्तो :

तिमी जति गर्न सक्छौ
त्यति म पनि सक्छु

तिमी जत्तिकै पाखुरी बजार्न सक्छु
पसिना बगाउन सक्छु
तिम्रा सबै अनुभूतिहरू
मेरा पनि अनुभूति
तर इतिहासले आज
कहाँ ल्याएर पछार्‍यो कुन्नि मलाई
तिमी त मभन्दा कोसौं अगि गइसकेछौ
('मानुषी', बैंसालु वर्तमान, पृ. १३)

मानव सभ्यताको इतिहासमा नारी पछारिएकी र पुरुषभन्दा धेरै पछि परेको सन्दर्भ उठाएर नारीका पाखुरी र पसिनाको मोल खोज्ने काम यस कवितामा गरेको पाइन्छ । नारी पछि पर्नुको ऐतिहासिक, सामाजिक र सांस्कृतिक कारण खोज्दै नारीले पतिको मृत्युसँगै जल्नु परेको, सामूहिक बलात्कारको सिकार हुँदै आउनु परेको र संस्कृतिका नाममा दाइजोको लावालस्करसँगै पशुसरह बेचिनु परेको सन्दर्भलाई पारिजातले उठाएकी छिन् । यी सबैको मूल कारण पितृसत्ता भएको उनले बताएकी छिन् । जस्तै :

आजको सत्तारुढ तिमी
शताब्दी शताब्दीअगि
झगडालु, ईर्ष्यालु वनमानुष तिमीलाई
आफ्नो ओडारको छानुमुनि भित्र्याएकी थिए
(मानुषी, बैंसालु वर्तमान, पृ. १४)

पारिजातले प्राक्कालीन पुरुषको अवस्था झगडालु र ईर्ष्यालु भएको र ऊ वनमान्छे कै अवस्थामा रहेको सन्दर्भ उठाउँदै नारीकै माया र सहभावका कारण आजको सत्तासीन अवस्थामा पुगेको कुरा दर्साएकी छिन् । कविताको अन्त्यमा नारी र पुरुषको सह अस्तित्वको खाँचो औंल्याउँदै उनले उदार नारीवादी चिन्तन पुरस्कृत गरेकी छिन् ।

पारिजातको काव्यिक नारीचेतना सह अस्तित्वमूलक देखिन्छ । ऐतिहासिक चेत साहितको नारी चेतनाले नारी आजको समयमा पशुसरह व्यवहृत हुन पुगेकी र पुरुषले नै यस प्रकारको व्यवहार अन्त्य गरेर सहयोग गर्नु पर्ने धारणा यहाँ पाइन्छ ।

समयको परिवर्तित सन्दर्भसँगै नेपाली कवितामा नारीचेतनाका नयाँ बान्की र स्वर प्रकट भएका छन् । नारीका अस्तित्व र अस्मिताबोधको पृथक् पहिचानको प्रखर अभिव्यक्ति समकालीन नारीचेतनाको स्वरूप देखिन्छ । यस प्रकारका कविता लेख्नेहरूमा सुधा त्रिपाठी, नीलम कार्की, निहारिका, मोमिला, सीमा आभास, सरस्वती प्रतीक्षा, सरिता तिवारी, सविता गौतम दाहाल, रेणुका थापा 'सोलु', विमला तुम्खेवा आदि छन् ।

सुधा त्रिपाठीको 'मेरो वायोडाटा' कविता उच्च नारीचेतले भरिएको छ । पुरुषको दाँजोमा नारीको वायोडाटा पृथक् भएको उल्लेख गर्दै जन्मेदेखि नै नारीको छुट्टै विश्वविद्यालयमा

प्रशिक्षण हुने गरेको व्यङ्ग्यात्मक अभिव्यक्ति यसमा पाइन्छ। पुरुषलाई 'हाकिम' शब्दले सम्बोधन गर्दै नारी उत्पीडनको आवाजलाई तीव्र ढङ्गले प्रस्तुत गरिएको छ। जस्तो :

आउँछ हाकिम साहेव
मलाई गाउन बजाउन, नाच्न
सबै थोक आउँछ
मेरी आमाबाट मैले सिकेको सिप
आमा बिहानै कुचो लिएर
मझेरीमा नाच्नु हुन्छ
म खँड्कुलोमा सङ्गीत दिन्छु
आमा गाग्रीको सङ्गीत दिनु हुन्छ
म भकारो नृत्य गर्छु
भातको छड्काइ आमाको गीत बन्छ
ढिंडोको मस्काइ मेरो ताल बन्छ।
(मेरो वायोडाटा, कविता, पृ. ९७)

परम्परादेखि नै नारीको हाँसो खुसी (गाना, बजाना, नृत्य) घरको मझेरी, गाइगोठ, धारापँधेरा आदि भएको र तिनमै नारी सीमित हुन परेको पीडाको अभिव्यक्ति उक्त कवितांशको मूल स्वर हो। 'म' र 'आमा' लाई उभ्याएर नारी जातिको वंशानुगत सिपको सीमाङ्कन गर्दै पुरुषको मालिकपनप्रति व्यङ्ग्य प्रहार गरिएको छ। नारी र पुरुषको सम्बन्ध खोतल्दै त्रिपाठी लेख्छिन् :

किन ठुला कुरा गर्नु हुन्छ हाकिम साहेब ?
महिनैपिच्छे खेर जाने रगतको डल्लामा
ज्यान बनाउनु भयो
मेरो गर्भमा बस्दा मैले फेरेको सासले
तपाईं बाँच्नु भयो
मैले खाएको गाँसले तपाईं तङ्ग्रिनु भयो
(मेरो बायोडाटा, कविता, पृ. ९८)

यसमा त्रिपाठीले मातृत्वको कुरा गरेकी छिन्। आफूले जन्माएको सन्तानले नै आफूमाथि गरेको शासनप्रति प्रश्नचिह्न उठाउँदै विद्रोही स्वर उरालिएको छ। कविताको अन्त्यमा नारी र पुरुषको यो दौडमा सनातन पाठ्यक्रम परिवर्तन गर्नु पर्ने चुनौति रहेको चेतावनी दिँदै एक दिन नारी शक्तिको विजय हुने सङ्केतसमेत कवि त्रिपाठीले गरेकी छिन्।

नीलम कार्की निहारिकाले 'बन्दी पानी', 'मेरुदण्ड' जस्ता कवितामा नारी उत्पीडनको आवाजलाई घुमाउरो अभिव्यक्ति दिएकी छिन्। बन्दी पानीको प्रतीकात्मक शीर्षकीकरणद्वारा नारीबन्धन र उत्पीडनलाई सशक्त रूपमा व्यक्त गरिएको छ। नारीले पुरुषको अधीनमा बन्दी

बन्नु परेको, उसको चाहनाअनुरूप बग्नु परेको, विरुद्ध आवाज उराल्न नसकेको र मझेरी मै ठेस लागेर सीमित पोखिनु परेको जस्ता पीडा कविताको मुख्य विषय बनेका छन् । जस्तै :

सोसिन्छु बालुवाबाट
सोसिन्छु माटोबाट
मबाट जन्मिएको शक्ति
रन्किएर मलाई नै पोल्न आउँछन्
थोपा,
कठघरामा उभिएका
थोपाका ताँतीले
कहिल्यै आवाज
बुलन्द गर्न सकेनन्
मनोबल उठ्छ
सलबलाउँछ
मझेरीको ठेसले
छताछुल्ल पोखिन्छ मनोकाङक्षा
(बन्दी पानी, प्रज्ञा समकालीन प्रतिनिधि नेपाली कविता, पृ. १३०)

कवि निहारिका पानीलाई बालुवाले सोसे झैं र माटोले सोसे झैं नारी पनि आफ्नै सन्तानबाट शोषित बनेको र नारी नदीबाट सुक्दै थोपा बन्न विवश भएको भाव प्रकट गर्दछिन् । जागृतिको मनोबल उठ्न खोजे पनि भान्साका मझेरीहरूमै पोखिएर बन्दी बन्न विवश छन् । कविताको अन्त्यमा जस्तासुकै चट्टानहरूलाई चिर्दै एक दिन नारी नदी भएर बग्नेछे भन्ने भाव व्यक्त भएको छ । 'मेरुदण्ड' कवितामा पनि नारी अडिने मेरुदण्ड पुरुष भएको र घरको मूल स्तम्भ पुरुषकै आडमा नारी उभिनु पर्ने पराधीन नारी अवस्थालाई देखाइएको छ ।

कवि मोमिला आफ्ना कवितामा नारीहरू अधिकारविहीन भएको भाव विभिन्न प्राकृतिक बिम्बका माध्यमबाट व्यक्त गर्दछिन् र व्यङ्ग्यात्मक रूपमा विद्रोह प्रकट गर्दछिन् । जस्तो :

प्रिय !
तिम्रा दुनियाँका जूनताराहरू उपहार त दियौ
कपिराइट तिमीसँगै रह्यो
बादलका अमूर्त चित्रहरू यी आँखामा सजायौ
बदलामा आँसु बर्सेर
ऐनाको भ्रमजस्तो आनन्द दियौ
आफ्नो सौर्य पौरुषको प्रयोगभूमि त बनायौ
तर मलाई पानीको घामबाहेक

सिङ्गो सूर्य नै समर्पण गर्न खै कहाँ सक्यौ र ?
उज्यालोको सारा सहुलियत आफैँसँग
मनलागी अँध्यारो दियौ
(आकाशलाई धर्तीको सम्बोधन, भीमसेन थापाको सुसाइड नोट, पृ. २७)

यसमा धर्ती र आकाशका माध्यमबाट नारी र पुरुषका बिचको भिन्नता प्रस्तुत गरिएको छ । यसमा नारी अधिकारबाट वञ्चित हुनु परेको पीडा व्यक्त भएको छ । आर्थिक एवं सामाजिक दृष्टिले नारी अँध्यारामा बाँच्न विवश भएको यथार्थ यसमा व्यञ्जित भएको छ ।

मोमिलाका कवितामा वर्तमान नारीका व्यथाहरू उद्वेलित बनेर पोखिएका छन् । नारी र पुरुषका व्यथा र वेदना अनि तिनलाई पोख्ने आँसु उस्तै भए पनि तिनको जन्म प्रकरण नै भिन्न अनुभूति प्रदायक भएको भाव उनले दर्साएकी छिन् । जस्तो :

हो, तिमी जन्मेको दिन
आमाको निधारको टीका एकाएक सूर्य भएर
घर आँगनमा उज्यालो झलमलाइरह्यो
तर, म जन्मेको दिन
आमाको निधारको घामजस्तो टीका एकाएक धुम्मिएर
आफैंलाई बगाउने गरी आँखा अविरल बर्सिरह्यो
(तिमी र म, भीमसेन थापाको सुसाइट नोट, पृ. १)

नारी र पुरुषलाई जन्मेदैदेखि भिन्न सोच बोक्ने नेपाली समाजमा नारी उत्पीडनको व्यथा व्यक्त गर्दै कवि मोमिला यसमा मुख्य 'अहम्' तत्त्व कारण भएको ठान्दछिन् । पुरुषमा अहम्को उचाइ बढी भएको र नारीमा अहम्को अभाव भएकाले पुरुष अहम्को पर्वतबाट केही तल झर्नु पर्ने र नारीले अहम्को उचाइ उक्लिनु पर्ने भाव यहाँ व्यक्त भएको छ ।

सीमा आभासका कविताहरूमा स्त्रीत्व बोधको उच्च चेतना पाइन्छ । सृष्टिदेखि नै प्रकृति अर्थात् नारीको चेतना जागृत भएको दार्शनिक सन्दर्भसमेतलाई स्पर्श गर्दै कवि आभास नारी चेतनाप्रति गर्वोक्ति प्रकट गर्दछिन् । नारीका मासिक अनुभूति र प्रसूतिजन्य पीडामा उसले नयाँ अवतार लिनु पर्ने सृष्टि नियमप्रति नै कटाक्ष गर्दै यही सीमित पोखरीमै जून मुस्कुराए झैं मुस्कुराउनु पर्ने व्यथालाई 'म स्त्री अर्थात् आइमाई' कवितामा व्यक्त गरिएको छ । सृष्टिको कठोर नियमलाई पालन गर्ने नारीले आदिम समयदेखि नै आगो निल्दै र सर्पको माला बेरेर तरबारको धार तथा सिस्नाको घारी पार गर्दै जीवन यात्रा चलाउनु परेको तितो अनुभूति यस कवितामा प्रकट भएको छ । जस्तो :

आदिपुर्खाहरूले गुफामा खोपेका चित्रजस्ता
अवर्णित आफ्नै आदिम स्वरूपले सिंगारिएर
महादेवको गलाको नाग झैं लगाएकै छु अग्नि-माला

तरबारैतरबारले सुसज्जित
सिस्नाको चम्मर हल्लिरहेको यस युगको
मूलद्वारमा उभिएर भन्दैछु
टाङ हेरेर गर्भमै नमार मलाई
(म स्त्री अर्थात् आइमाई, पृ. १२-१३)

सभ्यताको उत्तुङ्ग शिखरतर्फ लम्किरहेको युगीन परिवेश नारीका निम्ति कण्टकाकीर्ण बन्दै गएको र विज्ञानको अभ्युदय नारीका निम्ति अभिशाप बनेको कुरा यहाँ व्यक्त भएको छ । आभासका अनुभूतिमा नारीका निम्ति सिस्नाको चम्मर बनेर समग्र संस्कृति नै छद्मरूपमा नारी हितका विरुद्ध र नारी प्रताडनाका निम्ति उभिएको छ । गर्भमा नै तुहिनु पर्ने सृष्टिकी आद्य शक्तिको महत्त्व नबुझ्ने यस युगप्रति नै गम्भीर व्यङ्ग्य बनेर यो कविता उभिएको छ । कविताको अन्त्यमा विलोम अनुभूति गर्दै पुरुषको गर्भबाट फेरि पनि नारी भएर जन्मने नारीको सत्वबोधको उच्चता कवितामा प्रकट हुन पुगेको छ । सीताको अग्निपरीक्षा र महादेवको सर्पको मालाको मिथकीय सन्दर्भलाई पुनः सृजन गर्दै समकालीन नेपाली नारीहरूले अझै पनि त्यो मिथक बाँचिरहेको गम्भीर नारी चेत यस कवितामा मुखरित भएको छ ।

सरस्वती प्रतीक्षाका कविता नारीबोधका दृष्टिले निकै गम्भीर लाग्दछन् । उनको 'वागी सारङ्गी' कविता सङ्ग्रहभित्रका 'पैयुँ रूँदिन आजकल', 'फगत सुन्तली धामी', ' तथागत, मलाई उत्खनन गर' जस्ता कविताहरू नारी स्वत्वबोधका दृष्टिले महत्त्वपूर्ण छन् । नारीलाई पैयुँका रूपमा लिएर जस्तै व्यथामा पनि अब नरूने र प्रेमका नाममा दासत्व नस्विकार्ने भावलाई 'पैयुँ रूँदिन आजकल' कवितामा व्यक्त गरिएको छ । नारी शक्तिको पहिचान गर्दै अनुश्रुति र लिजेन्डरीका प्राक्सन्दर्भबाट परम नारी चैतन्यलाई उद्घाटन गर्ने काम प्रतीक्षाले गरेकी छिन् । जस्तै :

म त्यही सुजाता हुँ
जसलाई तिमीले पहिलो पटक
आफ्ना सघन उदासीहरूमा भेटेका थियौ
त्यति बेला
हाड र छालाको थुप्रोमा आफैंलाई रूपान्तरण गरेर
हरेसको अन्तिम बुँद पिउनु अगाडि
टक्क अडिएका थिए तिम्रा आँखाहरू मलाई देखेर...
(तथागत, मलाई उत्खनन गर, वागी सारङ्गी, पृ. ५९)

बुद्धलाई हरेसबाट होसमा ल्याउने र बुद्धको बोधी चेत सिर्जना गर्ने नारी शक्तिको प्राक्कालीन सन्दर्भ उठान गरेर प्रतीक्षाले नारीको सामाजिक पक्षमात्र खोलिनन् सामान्य मानवलाई ईश्वरीय चेतनामा रूपान्तरण गर्ने नारी प्रेमको अतल गहिराइलाई उद्घाटन गर्ने काम गरेकी छिन् । प्रेमको प्रथम स्पन्दन भौतिक आँखाहरूबाट नै हुन्छ तर यसको शिखर

प्रज्ञाजागरणसम्म पुग्छ । हरेक ईश्वरका साथमा त्यही असीम प्रेमको स्रोत नारी सँगै देखिन्छे । बुद्धलाई खिर खुवाउने सुजाताले वास्तवमा मिठो खिर (प्रेमको खिर) खुवाएकी थिइन् भन्ने अनुश्रुतिको पुनः सृजनात्मक प्रस्तुतिले नारी र प्रेमको अमरगाथा सिर्जना गरेको छ ।

तथागत,
तिमीभित्र पनि पुरिएको छ एउटा सत्य
मभित्र पनि पुरिएको छ एउटा सत्य
त्यो खिर थिएन
मैले तिमीलाई खुवाएको
पहिलो नजरमै
पहिलो स्वीकृति पस्केर गरिएको एकाकार थियो त्यो
त्यो खिर थिएन, भावहरूको चुम्बन थियो त्यो
(तथागत, मलाई उत्खनन् गर, बागी सारङ्गी, पृ. ६०)

वास्तवमा प्रतीक्षाको प्रेमको अतल गहिराइ बुद्ध चेतनाले मात्र ग्रहण गर्न सक्तछ । बुद्धत्व प्रेमबाट पलायन होइन बरु प्रेमको महासागर हो जहाँ सबै प्रेमको अनुभव गर्दछन् । सुजाताको खिर त्यही पवित्र प्रेम हो जसलाई पाएर बुद्ध बोधीको उत्तुङ्ग शिखरतर्फ लम्के । यो नारी र पुरुषको आद्यबिम्बात्मक अभिव्यक्ति हो, अर्धनारीश्वरकै विभिन्न आयामको प्रतिरूप हो । आज नारीको योगी प्रेम मांसल भोगी प्रेममा रूपान्तरण भएकाले यहाँ तथागतलाई त्यही आदिम अनिन्द्य प्रेम उत्खनन गरी नारीको अस्मिताको सच्चाइ उद्घाटन गर्ने आग्रह प्रकट गरिएको छ । आज नारी भावको गहिराइलाई चुम्वन गर्ने बोधयुक्त पुरुष चेतनाको खाँचो पनि यसमा व्यञ्जित भएको छ ।

सरिता तिवारी नारीचेतनाकी सशक्त कवि हुन् । 'प्रश्नहरूको कारखाना' कविता सङ्ग्रहमा सङ्गृहीत 'ओरी दाओ', 'हे देवी !', 'पुतली' जस्ता कविताहरू नारीचेतनाका दृष्टिले प्रभावशाली देखिन्छन् । तिवारीका यी कविताहरूमा नारीहरू आर्थिक, सामाजिक, सांस्कृतिक आदि दृष्टिले उत्पीडित भएको र हिंसाको सिकार हुँदै आएको कुरालाई व्यक्त गरिएको छ । पौराणिक एवं ऐतिहासिक चेतले भरिएका यी कविताहरू सबै किसिमका नारी उत्पीडनबाट मुक्तिको आवाज उराल्ने किसिमका देखिन्छन् । जस्तो :

थाहा छ ?
तिमी निदाइरहेको बेला
उनीहरूले तिमीलाई बोक्सी बनाए
र बलात् ख्वाए रछ्यान
बलजफ्ती थुनेर कोठीभित्र गरिदिए वेश्या करार
र नैतिकताको सफेदपोस भिरेर

लेखे धर्मका नाममा पापका मन्त्र
(हे देवी !, प्रश्नहरूको कारखाना, पृ. ३४)

यसमा समग्र सांस्कृतिक इतिहासमै नारीको शक्ति क्षीण बनेको र पुरुषशक्तिको दबदबा रहेको प्रसङ्ग उठाउँदै नारीलाई बोक्सी, वेश्या जस्ता कलङ्क लगाएर शास्त्रीय कानुनले वैधानिक बनाएको कुत्सित इतिहासप्रति कटु व्यङ्ग्य प्रहार गरिएको छ । यस्तै अर्को उदाहरण :

फक्रन भ्याइसकेकै हुन्न
पुगिसकेको हुन्छ दुकानदारको ढकियामा
हावाको कोमल स्पर्श नपाउँदै
मालीको वात्सल्यको गन्ध नचिन्दै
बताससित बयेली खेल्नै नपाई
घाम जून र शीतसँग भेट्नै नपाई
कठैवरा !
कुन बाटो, कुन गल्ली, कुन चोक छिचोलेर
कहाँ कहाँबाट पुग्छ एउटा निर्दोष फूल
खरिदारको फूलदानमा
(फूलको कारोबार, प्रश्नहरूको कारखाना, पृ. ५०)

यसमा कवि तिवारीले फूललाई प्रस्तुत बनाएर नारीको सामाजिक अवस्थालाई अप्रस्तुतका रूपमा प्रस्तुत गरेकी छिन् । फूलले फक्रन नपाई, मालीको वात्सल्य अनुभव नगर्दै बतासँसित बयेली नखेल्दै जस्ता बिम्बात्मक अभिव्यक्तिद्वारा पूर्ण वयस्क हुन नपाउँदै, आमाबाबुको माया र स्नेहको तृप्ति नपाउँदै र वयस्कको उन्मुक्तता अनुभव गर्न नपाउँदै पराधीन हुनु पर्ने नारी विवशता र त्यसको कारक तत्त्व बनेको समाजप्रति प्रच्छन्न कटाक्ष गरिएको छ । कविताको अन्त्यमा एक दिन फूलको बोटमा वारुद फक्रिने छ र फूलको कारोवार बन्द हुनेछ भन्ने नारीवद्रोह र उन्मुक्तिको सङ्केत गरिएको छ ।

यी केही कविका कविताहरू उदाहरणमात्र हुन् । यस प्रकारका नारीचेतनामूलक कविता लेख्ने कविहरूको सङ्ख्या निकै धेरै पाइन्छ । आधुनिक कालपूर्वका नेपाली कविका कवितामा नारीलाई घर गृहस्थीको सीमाभित्र पत्नी, छोरी, बुहारीका रूपमा लिएर त्यसैको सीमित नैतिक परिधिमा हेरेको पाइन्छ । आधुनिक कालपछि नारी पुरुषकी सहचरी प्रेमिका र समाजको नैतिक बलका रूपमा हेरिएको भए पनि उसको मूल्याङ्कन पुरुषकै केन्द्रीयतामा गरेको देखिन्छ । समकालीन कविहरूले नेपाली नारीका चौतर्फी उत्पीडनको आवाजलाई कविताको विषय बनाएर नारी समाजको स्वतन्त्र एकाइ हो र उसको स्वतन्त्रता उसैका लागि हो भन्ने भाव प्रकट गरेको पाइन्छ । नारीचेतले युक्त समकालीन कवितामा नारीलाई हेर्ने

परम्परागत दृष्टिप्रति कटाक्ष गर्दै नारीको बन्धनरूप व्यक्ति, परिवार, समाज, राज्यव्यवस्था, आर्थिक र सांस्कृतिक सम्बन्ध जस्ता पक्षलाई कवितामा मुखरित गरिएको छ ।

## निष्कर्ष

नेपाली कवितामा नारीसम्बन्धी दृष्टिकोण प्राथमिक कालदेखि नै व्यक्त हुँदै आएको छ र आजको नेपाली कवितामा नारीसम्बन्धी चेतना र दृष्टिकोण सिर्जना गरेका नारीचेतनाका सङ्कीर्ण रूपहरूलाई बिसौं शताब्दीको उत्तरार्द्धतिर चलेको नारीवादी चिन्तनले प्रश्न चिह्न लगाउँदै नारी चेतनाका नयाँ आयाम उद्घाटन गरेको छ र यसले समकालीन नेपाली कविता लेखनमा पनि प्रभाव पारेको छ । कवि भानुभक्त आचार्यले 'वधूशिक्षा' लेखेर नारीलाई बुहारीको कर्तव्यपथमा हिडाउने तत्कालीन सङ्कीर्ण एवं क्षयोन्मुख सामाजिक चेतको परिचय दिएका छन् । नेपाली कविताको माध्यमिक कालमा नारी शृङ्गारको आलम्बन बनेर नायिकाको स्थान ग्रहण गर्न पुगे पनि नखशिख वर्णनको विषय बनेर सौन्दर्यको सीमित घेरामा थुनिन पुगेको देखिन्छ । आधुनिक कालमा नारीसम्बन्धी दृष्टिकोण उदार हुँदै विद्रोही चेतनाले ओतप्रोत देखिन्छ ।

आधुनिक नेपाली कवितामा नारीको स्वतन्त्रता, सामाजिक, सांस्कृतिक एवं आर्थिक सम्बन्धका नयाँ क्षितिजको खोजी गर्दै परम्परागत पारिवारिक सङ्कीर्णताबाट फराकिलो रूपमा चित्रण गर्ने चेतना विकास भएको छ । देवकोटा, रिमाल, पारिजात, आभास, सरस्वती प्रतीक्षा, सरिता तिवारी, सविता गौतम दाहाल, रेणुका थापा, विमला तुम्खेवा आदि अनेक कविहरूका कवितामा आइपुग्दा नारी चेतनाका नव आयाम उद्घाटन हुन पुगेका छन् । नारी छोरी, बुहारी र पत्नीका सीमाबाट उठेर राज्यका अनेक दायित्व पूरा गर्ने स्वतन्त्र नागरिक भएको उच्च स्वत्व बोध आजका कवितामा मुखरित भएको छ । विभिन्न पुराकथा अर्थात् मिथकीय सन्दर्भ, अनुश्रुति र किंवदन्तीका प्राक्कालीन दृष्टान्त एवं ऐतिहासिक चेतका साथ नारी आयाम खोज्दै समकालीन कविता उच्च नारीचेतनाले युक्त देखिन्छन् ।

## सन्दर्भ सामग्रीसूची

आचार्य, भानुभक्त. (२०६४). 'वधूशिक्षा'. *भानुभक्तको रामायण.* पाँचौं सं., ललितपुर : साझा प्रकाशन ।

आभास, सीमा. (२०७३). *म स्त्री अर्थात् आइमाई.* काठमाडौँ : मक्जरी पब्लिकेशन ।

एल् गुरिन, लेवोर अर्ली, मोर्गान ली, रिसम्पान जिन्ने, विलिङ्घम जोहन आर. (सन् १९९९). *अ हेन्डबुक अफ क्रिटिसिज्म एप्रोचेस टु लिटरेचर.* न्यु योर्क : अक्सफोर्ड युनिभर्सिटी प्रेस ।

तिवारी, सरिता. (२०७२). *प्रश्नहरूको कारखाना.* काठमाडौँ : साङ्ग्रिला पुस्तक प्रा.लि. ।

त्रिपाठी, सुधा. (२०७२). 'मेरो बायोडाटा'. *कविता.* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

थम्सन, डेनिस. (सन् २००१). *र्‍याडिकल फेमिनिज्म टुडे.* दिल्ली : सेज पब्लिकेसन ।

पारिजात. (२०५०). *बैंसालु वर्तमान.* काठमाडौँ : नेपाल साहित्य गुठी ।

प्रतीक्षा, सरस्वती. (२०६९). 'तथागत', मलाई उत्खनन गर. *बागी सारङ्गी.* काठमाडौँ : साङ्ग्रीला बुक्स ।

मोमिला. (२०७०). *भीमसेन थापाको सुसाइट नोट.* काठमाडौँ : याम्बुरी बुक प्वाइन्ट ।

लाइच, भिन्सेन्ट बि. (सन् २००८). *अमेरिकन लिटरेरी क्रिटिसिज्म फ्रम द थर्टिज टु एटिज्.* न्यू योर्क : कोलम्बिया युनिभर्सिटिज प्रेस ।

लुइटेल, समिरा. (सन् २००८). *जेन्डर स्टडिज.* काठमाडौँ : एकेडेमिक बुक सेन्टर ।

वा, पाट्रिसिया. (सन् २००६). *लिटरेरी थ्योरी एण्ड क्रिटिसिज्म.* न्यु दिल्ली : अक्सफर्ड युनिभर्सिटी प्रेस ।

ब्यारि, पिटर. (सन् २००२). *बिगिनिङ्ग थ्योरी.* न्यु योर्क : म्यानचेस्टर युनिभर्सिटी प्रेस, इ. २००२ ।

ब्युभा, साइमन डि. *स्त्री : उपेक्षिता.* अनु. प्रभा खेतान, दिल्ली : हिन्दपाकेट बुक्स ।

शास्त्री, श्रीरामनारायणदत्त सम्पा. (२०५९). *श्रीदुर्गासप्तशती.* गोरखपुर : गीताप्रेस ।

स्टिम्सन, क्याथरिन आर. (सन् १९९२). *फेमिनिस्ट क्रिटिसिज्म.* रिड्रइङ द बाउन्ड्रिज. न्यु योर्क : मोडर्न ल्याङ्ग्वेज एसोसिएसन अफ अमेरिका ।

हविव, एम्.ए.आर. (सन् २००८). *अ हिस्ट्र अफ लिटरेरी क्रिटिसिज्म एन्ड थ्योरी.* युएस्ए : ब्याकवेल पब्लिसिङ ।

हेड्रिक, टेस र किङ्ग डेब्रा वाल्कर. (सन् २००७). "वुमन अफ कलर एन्ड फेमिनिस्ट क्रिटिसिज्म". *इन्ट्रोड्युसिङ क्रिटिसिज्म एट द ट्वान्टि फर्स्ट क्रिटिसिज्म.* दिल्ली : रावत पब्लिकेसन ।

ह्युग्स्, क्रिस्टिना. (सन् २००२). *कि कन्सेप्ट्स इन फेमिनिस्ट थ्योरी एन्ड रिसर्च.* दिल्ली : सेज पब्लिकेसन ।